वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ८ ● ने.सं. ११४० पोहेलाथ्व एकादशि ● वि.सं. २०७६ पुस २१ गते, सोमबार ● 2020 January 6 Monday ● पृष्ठ ८

# उपत्यका मेयर फोरमको बैठक कीर्तिपुरमा

## ऐतिहासिक सम्पदाको संरक्षण गर्ने प्रतिवद्धता




काठमाडौं उपत्यका लगायत काभ्रे जिल्लाका नगरपालिकाका मेयरहरू सम्मिलित उपत्यका मेयर फोरमको बैठक पुस २० गते कीर्तिपुरमा सम्पन्न भएको छ। बैठकको प्रमुख अतिथि संघीय सरकारका शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले पानसमा बत्ती बालेर उद्घाटन गर्नुभएको थियो। स्थानीय सरकारले आफ्नो ठाउँमा भएको सम्पदाहरूलाई संरक्षण गर्नुपर्ने उद्देश्य सहित विविध विषयमा एकआपसमा छलफलगरी स्थानीय विकास गर्ने उद्देश्यले २१ वटा नगरपालिका प्रमुख सम्मिलित उपत्यका मेयर फोरम बनाएको हो।

बैठकको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि राज्यमन्त्री मानन्धरले काठमाडौंलाई व्यवस्थित शहरको रुपमा विकास गर्न काठमाडौंमा नयाँ रिङ्गरोड बनाउनुभन्दा विभिन्न ठाउँहरू खोना, गल्छी, टोखा आदि सहित ५/६ ठाउँमा सुरुङ्ग मार्ग (टनेल) खोली उपत्यका बाहिर जाने बाटोहरू बनाउनु पर्ने कुरामा जोड दिनुभयो। काठमाडौं शहर धेरै गर्मी पनि नहुने र जाडो पनि नहुने भएकोले नेपालका साथै विभिन्न देशका मानिसहरू यहीं बस्न रुचाउने गर्दछन्।

काठमाडौंले धेरै जनघनत्व थेग्न नसक्ने भएकोले काठमाडौंमा आउन लागेका मानिसहरूलाई अरु शहरहरूमा जाने वातावरण बनाउनु पर्ने बताउनु भयो। काठमाडौं बाहेक अरु शहरहरू बनाउन ढिलो भैसकेको बताउनु हुँदै यी शहरहरू बनेमा मात्र काठमाडौका संस्कृति र सभ्यता सुरक्षित हुने औंल्याउनु भयो।

काठमाडौंको घनाबस्तीलाई असर नपर्ने गरी



२/३ किलोमिटर पर सुख्खा बन्दरगाह बनाउनु पर्ने बताउनु हुँदै मन्त्री मानन्धरले स्थानीय सरकार आफूले सैनिक राख्न, मुद्रा चलाउन र दौत्य सम्बन्ध राख्न नपाउने उल्लेख गरी त्यस बाहेक सबै कुराहरू गर्न संघीय सरकारका तर्फबाट गर्नु पर्ने कामको लागि यस फोरम मार्फत आफू पुल बनी समन्वय गर्ने कुरा बताउनु भयो।

बैठकको अध्यक्षता गर्नु हुँदै कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले ऐतिहासिक सम्पदाको संरक्षण गर्न निकै समस्या रहेको बताउनु भयो। संघीय सरकारको पुरातत्व विभाग लगायत अन्य विभागको आफ्नै मापदण्ड रहेको र स्थानीय सरकारले पनि आफ्नै ढङ्गले मापदण्डहरू बनाइरहेको अवस्थामा समन्वयको अभावले संरक्षण गर्न समस्या रहेको बताउनु भयो।

*बाँकी पृष्ठ ३*

## सम्पादकीय

# अबको केहि महिनामा खानेपानी सर्वसुलभ हुने

कीर्तिपुर नगरपालिका भित्र अबको केहि महिनामा खानेपानी सर्वसुलभ हुने भएको छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल), कीर्तिपुरको तथ्याङ्कअनुसार कीर्तिपुर नगरभित्र करीव ११ हजार घरधुरी भएकोमा १९४० घरमा मात्र हाल हप्ताको १ पटक ३० मिनेट देखि ५० मिनेटसम्म पानी पठाइरहेको र बाँकी घरमा हप्ताको २ पटकभन्दा बढी पानी पठाइरहेको छ। क्वाःच्वको पानीट्यांकी र लायकूको पानीट्यांकीबाट धारा लिएका १९४० घरले मात्र हप्ताको १ पटक पानी लिइरहेको हो। त्यालँको वोरिङ्ग भने हाल बिग्रिएको छ।

हाल कीर्तिपुर नगरमा सिमबाट दैनिक १४ लाख लिटर, दूधपोखरीबाट दैनिक ६ लाख लिटर, दमाइखोलाबाट दैनिक ४ लाख ५० हजार लिटर, चोभारबाट दैनिक ३ लाख पचास हजार लिटर, रानीबन, मच्छेगाउँबाट दैनिक ३ लाख २५ हजार लिटर र न्यागलबाट दैनिक १ लाख लिटर पानी उत्पादन भैरहेको छ। चालु आर्थिक वर्षमा दूधपोखरीको ५ धारालाई व्यवस्थित गर्ने र दूधपोखरीमा भएको २९ वटा मुहानलाई संरक्षण गरी व्यवस्थापन गर्ने त्यसैगरी राउतेभीर जलाधारलाई पनि व्यवस्थापन गर्दै विद्यमान श्रोतलाई मजबुत गरी जम्मा ५१ लाख लिटर प्रतिदिन उत्पादन गर्ने लक्ष्य राखेको छ।

त्यसको लागि कीर्तिपुर नगरपालिका वडा नं. ४ मा अवस्थित राष्ट्रिय जातीय सङ्ग्रहालय चम्पादेवीको बोरिङ्गलाई पहिलो प्राथमिकता दिई सुचार गर्दै कीर्तिपुर नगरपालिका वडा नं. ६ मा पर्ने नौमुले स्थित पानीका मूलहरूबाट बगेको र हाल खेर गइरहेको पानीलाई समेत खानेपानीको वितरण संजालमा जोडेर व्यवस्थित कार्यान्वयन गर्नुपर्ने हुन्छ। साथसाथै पानीको चुहावतलाई निक्रिय पार्दै सरोकारवाला निकाय र बुद्धिजीविहरूको समन्वयले कीर्तिपुरमा खानेपानीको समस्या सदाका लागि अन्त्य गर्न सकिनेछ। यी कार्य आउँदो फागुनको अन्त्य सम्ममा सम्पन्न भई कीर्तिपुर नगरमा पानी सर्वसुलभ हुने जनाइएको छ।

# समृद्धिको यात्रामा कीर्तिपुरका चुनौति र सम्भावनाहरू : १

**रत्न महर्जन**

कीर्तिपुर नेपालका सहरूहरू मध्येमा प्रचीनतम सहर हो। यो अपार सम्भावनायुक्त ऐतिहासिक नगर पनि हो। वि.सं. २०५३ सालमा कीर्तिपुर भेगका लायकु गाउँ विकास समिति, चिठूविहार गाउँ विकास समिति, पालिफल गाउँ विकास समिति, बाहिरीगाउँ गाउँ विकास समिति, विष्णुदेवी गाउँ विकास समिति, बालकुमारी गाउँ विकास समिति, चोभारभूतखेल गाउँ विकास समिति र चम्पादेवी गाउँ विकास समिति समेत गरी आठवटा गाउँ विकास समितिहरू संलग्न गरी कीर्तिपुर नगरपालिका गठन गरिएको थियो। प्रारम्भमा १९ वटा वडाहरूमा विभक्त यस नगरपालिका मुलुक संघीय संरचनामा गए पछि स्थानीय सरकारको अवधारणाअनुसार १० वटा वडासहितको यस नगरपालिकाको संरचना तयार गरिएको छ।

ऐतिहासिक रूपमा नेवार समुदायको बाहुल्यता रहेको यस नगर धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा,मानव संसाधन, शैक्षिक एवम् राजनीतिक दृष्टिले समेत अत्यन्त महत्त्वपूर्ण रहेको छ। यद्यपि ६५ हजार ६ सय २ जनसंख्या (जन गणना २०६८) भएको जम्मा १४ वर्ग किलोमिटर क्षेत्रफल रहेको र लामो इतिहास बोकेको यस नगरपालिका राजधानीसँगै जोडिएर पनि बत्तीमुनि अँध्यारो भए झैं समृद्धिको यात्रामा पछाडि नै परेको देखिन्छ। ऐतिहासिक कालदेखि नै नेपालको हरेक राजनैतिक परिवर्तनका परिघटनाहरूमा निर्णायक भूमिका निर्वाह गरेको यस नगरपालिका आफूमा विद्यमान अपार मानवीय, वित्तीय, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, शैक्षिक तथा धार्मिक श्रोत र सम्पदाहरूको सन्तुलित वितरण, परिचालन र समुचित उपयोगको अभावमा विकास र समृद्धिको यात्रामा अझै निकै पछाडि परेको अनुभूति यहाँका आम जनमानसले गरिरहेको छ। कीर्तिपुर नगरको समग्र विकास निर्माण र समृद्धिको यात्रा नेपालका अन्य कतिपय पछि विकास भएका वस्ती र नगरहरूको तुलनमा पछाडि परेको प्रष्ट देखिन्छ। यसरी पछाडि पर्नाका केही निजी अनुभव र विचार छलफल र बहसका लागि यस छोटो लेखमा समेट्ने प्रयास गरिएको छ। कीर्तिपुरका विद्वान पाठक र मित्रहरूलाई यसमा गम्भीर बहस छलफल गरी समृद्धिको यात्रालाई सन्तुलित र तिब्र बनाउन आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्न र संघीय, प्रदेश र स्थानीय सरकारमाथि दबाब सृजना गर्न पनि सबैमा अनुरोध गर्न चाहन्छु।

**मेरो धारणा**

**ऐतिहासिक रूपमा नेवार समुदायको बाहुल्यता रहेको यस नगर धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा, मानव संसाधन, शैक्षिक एवम् राजनीतिक दृष्टिले समेत अत्यन्त महत्त्वपूर्ण रहेको छ।**

*क्रमश..*

*यस स्तम्भमा प्रकाशित लेख/विचारहरू लेखकको निजि विचार भएको जानकारी गराउँदछौं।*

# 'नगर तीन, महारथी एक' बुद्धिचाल प्रतियोगिता सम्पन्न

"नगर तीन, महारथी एक" बुद्धिचाल प्रतियोगितामा कीर्तिपुर १ स्थित लोक आदर्श मा.वि.ले एक महारथीको उपाधि हासिल गरेको छ। गत पुस ५ गते शनिवारदेखि शुरु भएको प्रथम शेर बहादुर स्मृति अन्तर विद्यालय काठमाण्डौ क्षेत्र नं. १० खुला बुद्धिचाल प्रतियोगितामा दक्षिणकाली नगरपालिका, कीर्तिपुर नगरपालिका र चन्द्रागिरि नगरपालिकाका विद्यालयहरूले भाग लिएका थिए। उक्त प्रतिस्पर्धामा कीर्तिपुर १ स्थित लोक आदर्श मा.वि.ले नै द्वितीय तथा तृतीय लगायत सातौं तथा चौधौं पुरस्कार हासिल गरी नयाँ कीर्तिमान समेत कायम गर्न सफल भएको थियो। पाँच जना विद्यार्थी सहभागी गराई लगभग सबै पुरस्कार लोक आदर्श मा.बि.ले जितेको थियो। प्रतियोगितामा लोक आदर्श मा.वि.का मनोज घिसिङ्ग प्रथम, विकास वि.क. द्वितीय र बुद्धकरण पण्डित तृतीय हुनु भएको थियो भने नेपाल ए.पि.एफ. स्कूलका सम्युज श्रेष्ठ चौथो हुनु भएको थियो। प्रतियोगिताका खेलहरू १७ वटा विद्यालयका ४९ जना खेलाडीहरू बीच सम्पन्न भएको थियो।

पुस १२ गते शनिवार भएको पुरस्कार वितरण तथा समापन समारोहमा चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरी, दक्षिणकाली नगरपालिकाका मेयर मोहन बस्नेत र कीर्तिपुर नगरपालिकाका




मेयर रमेश महर्जन अतिथिको रुपमा उपस्थिति हुनुभएको थियो।

प्रमुख अतिथि अनक कन्स्ट्रक्सन कम्पनी प्रा.लि. का अध्यक्ष श्रीराम महर्जनले दक्षिणकाली नगरपालिकाका मेयर बस्नेतलाई मायाको चिनो प्रदान गरी सम्मान गर्नुभएको थियो। चन्द्रागिरि नगरपालिका मेयर गिरीले उदयमान खेलाडीहरू मेघा पब्लिक मच्छेगाउँकी दिपशिखा रोक्का, पुष्प सदन मा.वि. ढल्पाका दृष्य लम्साल र रोजेश तामाङ्गलाई पुरस्कृत गर्नु भएको थियो भने चत्तुर खेलाडीहरू श्री बैष्णवी मा.वि. भाजंगलका विराज भट्ट र श्री फर्पिङ्ग मा.वि., फर्पिङ्गका सुशान्त श्रेष्ठ तथा अनुशासित खेलाडीको रुपमा बेसिक लर्निङ्ग मा.वि.बोसिगाउँका भूपेन राईलाई पुरस्कृत गर्नु भएको थियो। दक्षिणकाली नगरपालिकाका मेयर बस्नेतले सहभागी विद्यालयहरूलाई मायाको चिनो र प्रमाण-पत्र वितरण गर्नु भएको थियो। यसैगरी कीर्तिपुर नगरपालिकाका मेयर महर्जनले वडा नं. ३ र ९ लगायत सहयोगी दाताहरूलाई मायाको चिनो प्रदान गर्नु भएको थियो। अथिति मेयरज्यूहरूलाई पनि मायाको चिनो प्रदान गर्नुभएको थियो।

एउटै मञ्चमा तीन वटै नगरपालिकाका मेयरहरूलाई पनि सम्मान गर्न पाएकोमा क्लब सफल रहेको बताउँदै यस प्रतियोगिताबाट आम्दानी भएको रकम "ज्येष्ठ नागरिक पुनः सक्रिय दिवा गृह" सञ्चालनमा खर्च गरिने बताएका थिए।

# उपत्यका मेयर फोरमको बैठक कीर्तिपुरमा...

काठमाडौं उपत्यकाका १८ वटा नगरपालिका (२ वटा महानगरपालिकासहित) र काभ्रेका ३ वटा नगरपालिका सबै नै सम्पदा बस्तीहरूले युक्त भएकोले आ-आफ्नै छुट्टै मापदण्डहरू भइरहेकोमा यी सबै स्थानीय सरकारको मापदण्ड एउटै बनाउन यो बैठकको आयोजना गरको स्पष्ट पार्नुभयो। सम्पदा संरक्षण गर्नका लागि यसरी एकिकृत रूपमा नजाने हो भने अबको २०/२५ वर्ष पछि यी सम्पदाहरू ईतिहासको पानामा मात्र सिमित हुने कुरामा सचेत रहँदै यसलाई संरक्षण गर्न आफूहरूको दायित्व भएको बताउनु हुँदै उपत्यका फोरमको तेश्रो बैठकमा आउनुभएका प्रमुख अतिथि, अतिथि लगायत सबैलाई स्वागत गर्नुभएको थियो।

मेयर फोरमको पहिलो बैठक २ बर्ष अगाडि पनौतिमा भएको थिया भने दोश्रो बैठक ललितपुरमा गत वर्ष भएको थियो। कार्यक्रममा दोश्रो बैठकको सम्पूर्ण जानकारीसहितको घोषणा पत्रको पुस्तक प्रमुख अतिथि शहरी विकास राज्यमन्त्री रामवीर मानन्धर, कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, ख्वप इन्जिनियरिङ्ग कलेजका डा. विजय कुमार श्रेष्ठले संयुक्त रूपमा विमोचन गर्नुभएको थियो।

कीर्तिपुर नगरपालिकाका सामाजिक विकास शाखाका प्रमुख अनुज प्रधानले सञ्चालन गर्नुभएको कार्यक्रममा सम्पदा संरक्षण लगायत विभिन्न विषयको कार्यपत्र प्रस्तुतका साथै समूहगत छलफल समेत भएको थियो।

# किपू नगरपालिका व सुलक्षण कीर्ति विहार दथुइ ७ गू बुँदे सहमति

किपू नगरपालिका वडा नं. ६ चोभार गेट लिक्क च्वंगु सुलक्षण कीर्ति विहार व किपू नगर पालिका दथुइ ७ गू बुँदाया सहमति पतिइ ल्हाःचिं तःगु दु। पुस १५ गते किपू नगरपालिकाया न्हूगु भवन अमल्सिइ जूगु ज्याभ्वलय् किपू नगर पालिकाया मेयर रमेश महर्जन व सुलक्षण कीर्ति विहारया प्रमुख डा. भिक्षुणी अनुजा गुरुमां नं सहमति पतिइ ल्हाःचिं तयादीगु खः।

वि.सं. २०५३ सालंनिसें अन डा. गुरुमांया कुतलय विहार पलिस्था याना बौद्ध धर्मया प्रचार प्रसार यानावयाच्वंगु खःसा वि.सं. २०६४ पुस ९ गते नेपाल सरकारपाखें भोगाधिकार कयातःगु जग्गाय् हस्पिस, अस्पताल व ज्याथःजिथिपिंत होस्टेल दयेकेगु योजना दयेकातःगु खः।


सुलक्षण कीर्ति विहारया मू भवनया पूर्वपाखे भाजंगःया स्थानीय बासीतयूसं दयेका छ्यलाच्वंगु दिपया पश्चिमपाखेया भिंछगू फिट तःजाःगु पःखाः थुनां खुगू फिट कायम यायेगु व विहारं मंदुसा अन बरु तारजालि तयेफइगु खँ त न्ह्यथनातःगु दु।

सुलक्षण कीर्ति विहारं दयेकीगु हस्पिस, अस्पताल व ज्याथःजिथिपिनिगु लागिं होस्टेल वा मेगु छुं नं भौतिक संरचना दयेकेया लागि ११ म्हेसिया सञ्चालक समिति दयेकेगु गुकिइ किपू नगरपालिका वडा नं. ६ या अध्यक्ष, वडा नं. ७ या अध्यक्ष, वडा नं. ९ या अध्यक्ष व किपू नगर पालिकाया मेयरं तोकेयानाब्यूम्ह बौद्ध धर्मय् आस्था दुम्ह छम्ह याना स्थानीयपाखें ४ म्ह व सुलक्षण कीर्ति विहारपाखें ७ म्ह दुजः दइगु व्यवस्था याःगु दु।

अन दयेकीगु छुं नं संरचनाय् किपूया स्थानीयवासीपिंत न्हापांगु प्राथमिकताय् तयाः रोजगारी नं ह्वःताः चूलाकेबीगु सहमत जूगु दुसाः अथे दयेकेबलय् किपू नगरपालिकां माःकथं ग्वहालि व समन्वय यायेगु खँ नं न्ह्यथनातःगु दु।

ज्याभ्वलय् थीथी राजनैतिक दलया प्रतिनिधिपिं व सरोकारवालाव्यक्तिपिनिगु ब्वति दुगु खः।





कीर्तिपुर नगरपालिका र सुलक्षण कीर्ति विहारबीच भएको सहमति पत्र

कीर्तिपुर नगरपालिका वडा नं. ६ अवस्थित चोभारगेट नजिक बागमती नदी किनारमा २०५३ सालदेखि सुलक्षण कीर्ति विहार स्थापना गरी भिक्षुणी डा. अनोजा गुरुमाले बौद्ध धर्मको प्रचार र विकासमा योगदान पुऱ्याउँदै आउने क्रममा कीर्तिपुरका स्थानीयवासी र सुलक्षण कीर्ति विहारको आपसी सम्बन्धले विभिन्न किसिमका आरोह अवरोहको अवस्था पार गर्दै आएको सर्वविदितै छ। कीर्तिपुर नगरपालिका र सुलक्षण कीर्ति विहारले आपसी सहअस्तित्वलाई सम्मान गर्दै आपसमा सहकार्य गर्दै अगाडि बढ्न सकेमा मात्र कीर्तिपुर नगरपालिका र सुलक्षण कीर्ति विहारबीचको सम्बन्धले जीवन्तता पाउने कुरामा हामी दुवै पक्ष सहमत रहँदै आएका छौं। हाम्रो आपसी सम्बन्धलाई आगामी दिनमा थप बलियो र विश्वासिलो बनाउँदै सहकार्यको सिलसिलालाई अगाडि बढाउन ढिला गर्नु हुँदैन भन्ने कुरामा समेत हाम्रो समान दृष्टिकोण रहँदै आएको छ।

कीर्तिपुर नगरपालिका र सुलक्षण कीर्ति विहारबीच आपसी सहयोग, समन्वय र सहकार्यको सम्बन्ध कायम गर्ने उद्देश्यले कीर्तिपुर नगरपालिका र सुलक्षण कीर्ति विहार नयाँ उचाइको समझदारी कायम गर्न प्रयत्नशील रहँदै आएको समेत स्मरण गराउन चाहन्छौं। यही क्रममा आम नगरवासी र सुलक्षण कीर्ति विहारको बृहत्तर हितलाई ध्यानमा राखेर नगरपालिका र विहारबीच तल उल्लेख गरिए बमोजिमका सहमतीका आधारहरुमा आगामी सम्बन्धलाई अघि बढाउन सहमत भई यो सहमती / समझदारी पत्रमा हस्ताक्षर गर्न मञ्जुर भएका छौं। यस सहमती / समझदारीले कीर्तिपुरका आम नगरवासी र सुलक्षण कीर्ति विहारबीच नयाँ किसिमको सहयोग र सहकार्यको वातावरण निर्माण हुनेछ भन्ने समेत विश्वास लिएका छौं।


सहमतीका आधारहरु (बुँदाहरु) :

१. सुलक्षण कीर्ति विहारको मुख्य भवनको पूर्वपट्टि र भाजंगलका स्थानीयवासीले निर्माण गरी प्रयोग गर्दै आएको चिहानको पश्चिमपट्टिको (चिहान र विहारको मुख्य भवन बीच रहेको) ११ फुट अग्लो पर्खाल भत्काई सो पर्खालको उचाई ६ फिट कायम गरी चिहानमा दिवंगत मानिसको अन्तिम संस्कार गर्दा धुवाँ वारपार हुन सजिलो बनाउने। उक्त पर्खाललाई ६ फिट कायम गरी विहारले चाहेको अवस्थामा उक्त पर्खालमाथि तारजाली लगाउन सक्नेछ।

२. सुलक्षण कीर्ति विहारले हाल भोग गर्दै आएको र नेपाल सरकारबाट मिति २०६४/०९/०९ मा भोगाधिकार प्राप्त कित्ता जग्गामा हस्पिस, अस्पताल तथा वृद्धवृद्धाका लागि होस्टेल निर्माण गरी संचालन गर्न सक्नेछ सोका लागि नगरपालिकाले सक्दो सहयोग र समन्वय गर्नेछ।

३. उक्त कित्ता जग्गामा हस्पिस, अस्पताल तथा वृद्धवृद्धाका लागि होस्टेल वा अन्य कुनै भौतिक संरचनाको निर्माण, विकास तथा संचालनका लागि ११ सदस्यीय व्यवस्थान समितिको गठन गरिनेछ। उक्त व्यवस्थापन समितिमा कीर्तिपुर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष, वडा नं. ७ का वडा अध्यक्ष, वडा नं. ९ का वडा अध्यक्ष र कीर्तिपुर नगरपालिकाका प्रमुख (मेयर)ले तोकेको, बुद्ध

रमेश महर्जन
नगर प्रमुख



धर्ममा आस्था भैएको व्यक्ति १ जना समेत गरी स्थानीयका तर्फबाट ४ जना सदस्य र सुलक्षण कीर्ति विहारको तर्फबाट ७ जना पदाधिकारी तथा सदस्यहरु रहनेछन्।

४. हस्पिस, अस्पताल तथा वृद्धवृद्धाका लागि होस्टेल वा अन्य संरचना निर्माण हुँदा सो निर्माण कार्यमा विश्वसनियता, कार्य क्षमता र प्रभावकारीता (क्वालिटी) हेरी कीर्तिपुरका स्थानीय बासिन्दालाई विशेष प्राथमिकताका साथ रोजगारीमा अवसर दिन हामी सहमत भएका छौं।

५. उक्त कित्ता जग्गामा हस्पिस, अस्पताल तथा वृद्धवृद्धाका लागि होस्टेल निर्माण भई संचालनमा आएपछि त्यसका लागि चाहिने डाक्टर, नर्स, प्राविधिक वा अन्य जनशक्ति नियुक्त गर्दा कीर्तिपुरका स्थानीयबासीलाई विशेष ग्राह्यता दिइनेछ।

६. उक्त कित्ता जग्गामा हस्पिस, अस्पताल तथा वृद्धवृद्धाका लागि होस्टेल निर्माण भई संचालनमा आएपछि उक्त हस्पिस, अस्पताल तथा होस्टेलबाट प्रदान गरिने सेवामा स्थानीय बासिन्दालाई विशेष प्राथमिकता दिइनेछ।

७. सुलक्षण कीर्ति विहारले हाल भोग गर्दै आएको र नेपाल सरकारबाट मिति २०६४/०९/०९ मा भोगाधिकार प्राप्त कित्ता जग्गा क्षेत्रमा रहेका सामाजिक विकृति फैलने संभावना भएको र स्वयं विहारको सुरक्षामा समेत चुनौती हुन सक्ने खालका भौतिक वस्तु, विहारको कम्पाउण्डमा रहेका खुल्ला पाटी, खुल्ला ठाउँमा रहेका अन्य निर्माण सामग्री, असम्बन्धित व्यक्ति वा संस्थाले थुपारेर राखेका वस्तुहरु विहारले तत्काल व्यवस्थापन गर्न/हटाउन सक्नेछ। यसका लागि नगरपालिकाले आवश्यक सहयोग गर्नेछ।

अन्तमा, माथि उल्लेखित आधारहरुमा आपसी सुमधुर सम्बन्ध कायम गरी आगामी दिनमा सहकार्यको वातावरण निर्माण गरी अघि बढ्न कीर्तिपुर नगरपालिका र सुलक्षण कीर्ति विहार सहमत भएका छौं। यस सहमतीले कीर्तिपुरका स्थानीयवासी, सुलक्षण कीर्ति विहारका हितैसी तथा शुभचिन्तकहरु, बौद्ध धर्मका अनुयायीहरु लगायत समाजका सबै मानिसहरुमा सकारात्मक सन्देश र उत्साहको विकास हुनेछ भन्ने विश्वास लिएका छौं।

धन्यवाद।

रमेश महर्जन
प्रमुख
कीर्तिपुर नगरपालिका

डा.भिक्षुणी अनोजा गुरुमा
प्रमुख
सुलक्षण कीर्ति विहार

नेपाल सम्वत ११४० थिंलागा पञ्चमी २०७६/०९/१७ गते मंगलवार

# किपू नगरपालिका वडा नं. १० य् च्वंपिं ज्याथःजिथिपिंत लं इनां बिल





किपू नगरपालिका वडा नं. १० पाखें न्ह्याकाच्वंगु शंखधर जेष्ठ नागरिक सेवा केन्द्रया ज्याथःजिथिपिंत लं इनांब्यूगु दु । बुधवाः छगू ज्याभ्वःया दथुइ किपू नगरपालिकाया मेयर रमेश महर्जन व उपमेयर सरस्वती खड्कां ज्याथःजिथिपिंत छजु छजु लं इनांब्यूगु खः ।

वडा ज्याकूपाखें उगु केन्द्रय् न्हियान्हिथं योग नं याकावयाच्वंगु खः । योग यायेत ज्याछिंके कथं वडा ज्याकूपाखें उगु लं इनांब्यूगु खः । ६८ म्ह मिसापिं व १६ म्ह मिजंपिंयाना मुक्कं ८४ म्हेसित लं इनाब्यूगु खः ।

मिजंतयूत तःपाःलं व सुरुवाः इनांब्यूगु खःसा मिसातयूत कुर्ता सुरुवाल व गाचा इनांब्यूगु खः । लं इनेगु ज्याभ्वलय् न्ववानादिसें मूपाहाँ मेयर महर्जनं ज्याथःजिथिपिंत सेवा यायेगु धर्म यायेगु खः धयादिसें थुगु लं इनेगु धइगु नं धर्म हे खः व थ्व धर्मयायेगु दिं नं अंग्रेजी दँया न्हापांगु न्हि खुन्हु याये दया तसकं लय्ताः धयादिसें ग्वसाःखलः १० नं. वडायात सुभाय् बियादिल । अंग्रेजी दँ हे जूसां नं न्हापांगु दिनय् हे बांलाःगु ज्या याये खंगुलिं दच्छियंकं हे बांलाःगु ज्या याये खनीगु धकाः विश्वास नं प्वंकादिल । अथेहे उपमेयर खड्कां नं कम्यूनिष्ट सरकार वलकि ज्याथःजिथिपिंत सहयाईमखु धकाः मखुगु खँ न्यंकीगु लुमंकादिसें सच्छि तकां शुरुयाःगु बृद्ध भत्ता आः वया लय् स्वद्वःतका थ्यंके धुंकूगु जानकारी बियादिल । थुगु जेष्ठ सेवा केन्द्रय च्वनीपिंसं छगःनिगःसां आखः सकेका काइ धयादिसें प्रौढ शिक्षा न्ह्याकेत नं उपमेयर खड्कां सल्लाह बियादिल । ग्वसाःखलः किपू नगरपालिका वडा नं. १० या अध्यक्ष लिसें ज्याभ्वःया सभापति अमन महर्जनं थ्व लं थुगु जेष्ठ नागरिक सेवा केन्द्रया पोशाक हे जूगुलिं सकसिनं फिनावयेत इनाप यानादिल । यदि थ्व लं फि हे मफ्यूसां नं स्थानीय सरकारं ज्याथःजिथिपिंत माया यानां ब्यूगु लुमन्ति चिं धकाःसां दयाच्वनीगु धयादिल । ज्याभ्वः वडा दुजः संगीता उप्रेती न्ह्याकादीगु खः।




**अतिथि देवः भवः**

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० बुधवारदेखि शुरु भएको छ। दशरथ रंगशालामा भएको भव्य समारोहमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले कीर्तिपुर नगरपालिकाको नेतृत्व गर्नुहुँदै सहभागी भएको थियो।

*तस्बिर : ज्ञानकुमार महर्जन*

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर*
*स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर"*

# सम्पूर्ण नगरबासीहरुमा अनुरोध

## नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं ।
## भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं ।

- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण–पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिँदा घरको नक्सा पास भए नभएको र घरकर तिरेको वा नतिरेको हेरौं।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

देवढोका, कीर्तिपुर , फोनः ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१
वेबसाइट : www.kirtipurmun.gov.np

# बाटो ढलानको स्थलगत निरीक्षण



कीर्तिपुर नगरपालिका वडा नं. १ र १० स्थित सिता पेट्रोल पम्पबाट त्यालँ जाने बाटो (उकालो बाटो)को ढलान भएको छ।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र उपमेयर सरस्वती खड्काले उक्त ढलान गरेको बाटोको स्थलगत निरीक्षण गर्नुभएको छ। नगर स्तरीय योजना अन्तर्गत ढलान भएको उक्त बाटो करीव ६ मिटर चौडाइ र ६३ मिटर लम्बाइको हो।

त्यसैगरी वडा स्तरीय योजना अन्तर्गत वडा नं. २ ख्वनाहिति ग:सि टोलमा पनि बाटो ढलान भएको छ। करीव ४ मिटर चौडाइको १०४ मिटर बाटो ढलान भएको हो। उक्त ढलान भएको बाटोको २ नं. वडाका अध्यक्ष रमेशमन डंगोल र सदस्यहरू ध्रुव प्रसाद अधिकारी र मनकुमारी विकले स्थलगत

# ९ नं. वडामा ‘बालबालिकासँग वडा अध्यक्ष’



कीर्तिपुरको ऐतिहासिक सरकारी विद्यालय कीर्तिपुर माध्यमिक बिद्यालयले ‘वडा अध्यक्षसँग बालबालिका’ कार्यक्रम सम्पन्न गरेको छ। कीर्तिपुर नगरपालिका वडा नं. ९ मा रहेको उक्त विद्यालयले पुष ९ गते उक्त कार्यक्रम गरेको थियो। कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा न ९ का वडा अध्यक्ष गंगाराम महर्जनलाई उक्त विद्यालयका कक्षा ६ देखि १० सम्मका बालबालिकाले विभिन्न प्रश्न गरेका थिए।

बालबालिकालाई सामाजिक विषयमा जागरुक बनाउने र वडा अध्यक्षलाई समाजप्रति अझ उत्तरदायी बनाउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रममा वडा अध्यक्ष महर्जनलाई ‘के तपाईले घुस खानु भएको छ’ भनी विद्यार्थीहरूले प्रश्न समेत गरेका थिए। जवाफमा वडाअध्यक्ष महर्जनले ‘म घुस पनि खान्नँ र अरुलाई पनि खुवाउदिनँ’ भनेका थिए।

# कीर्तिपुर नगरको स्थानीय पाठ्यक्रम अन्तिम चरणमा




कीर्तिपुर नगरपालिकाले आफ्नो नीति कार्यक्रम अनुरुप आफ्नो नगरको स्थानीय पाठ्यक्रम तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। गत पौष १५ गते कीर्तिपुर स्थित कृष्ण क्याटरिंङ हलमा एक कार्यक्रम गरी नगरमा गठित स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले लामो मेहनत गरी तयार गरेको पाठ्यक्रमको मस्यौदा स्थानीय सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, संस्थागत तथा सार्वजनिक विद्यालयका प्रिन्सिपल, प्राचार्य तथा कीर्तिपुरका विभिन्न विषयका गन्यमान्य विशेषज्ञ एवं प्राध्यापक डाक्टरहरूकाबीच सुझाव सङ्कलनार्थ प्रस्तुत गरेको थियो।

कार्यदलका संयोजक प्रा.डा. रामकृष्ण महर्जनले प्रस्तुत गर्नुभएको स्थानीय पाठ्यक्रमको मस्यौदा उपर चार वटा समूहमा दफावार र विस्तृत छलफल पछि समुह नेताहरूले विषयगत रुपमा सुझाव प्रस्तुत गर्नुभएको थियो। राराहित स्कूलका प्रिन्सिपल जगतबहादुर महर्जनले पर्यटन, श्रम तथा उद्योग, जनसेवा मा.वि.का प्राचार्य देवराज महर्जनले शिक्षा, धार्मिक सांस्कृतिक पक्षमा, प्राध्यापक बज्रमुनी बज्राचार्यले भाषा र लिपी सम्बन्धमा तथा प्रा.डा.धर्मराज डंगोलले कृषि अन्वेषण सम्बन्धमा समूहका तर्फबाट गहकिला सुझावहरू प्रस्तुत गर्नुभएको थियो।

कार्यशालामा प्रतिक्रिया दिने क्रममा शिक्षा शाखा प्रमुख गैरेले कार्याशालाबाट मननयोग्य सुझावहरू तथा कार्यदलको नजर नपुगेको विषयमा समेत सुझाव प्राप्त भएको बताउनुभयो। प्राप्त सुझावहरू कार्यदलका लागि सम्पत्ति भएको हुंदा तिनलाई सम्मानका साथ स्थान दिईने कुरा शाखा अधिकृत निरौलाले बताउनुभयो। स्मरणीय छ, कीर्तिपुर नगरपालिकाकाले कक्षा १ देखी ८ सम्म आधारभूत तहको स्थानीय पाठ्यक्रम तयार गरी आगामी शैक्षिक सत्रमा कक्षा १ र कक्षा ६ मा लागु गर्ने गरी गृहकार्य गरिरहेको छ र पुस्तकको नाम "**हाम्रो कीर्तिपुर/झीगु किपू**" प्रस्ताव गरिएको छ।

कीर्तिपुर नगरपालिका शिक्षा शाखाको आयोजनामा सम्पन्न भएको उक्त सुझाव सङ्कलन कार्यशालाको अध्यक्षता नगर शिक्षा शाखाका प्रमूख, उपसचिव टंकलाल गैरेले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर एवं शिक्षा समितिका संयोजक रमेश महर्जन हुनुहुन्थ्यो। कीर्तिपुर नगरपालिका शिक्षा समितिका पदाधिकारीहरूको समेत उपस्थिति रहेको उक्त कार्याशालाको शिक्षा शाखाका शाखा अधिकृत गोविन्द प्रसाद निरौलाले संचालन गर्नुभएको थियो।

**कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८**
**• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन** : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) **• वेबसाइट** : www.kirtipurmun.gov.np
**• ई-मेल** : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np **• Facebook :** facebook.com/kirtipurmun **• Facebook :** Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com